स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
लुम्बिनी प्रदेश
मुकामः बुटवल, नेपाल

# कोभिड-१९ सञ्चार माध्यम निगरानी (Media monitoring)
## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## लुम्बिनी प्रदेश

**मितिः श्रावण २५, २०७८ (अगस्ट ९, २०२१)**
**बुटवल, रुपन्देही**

### कोभिड -१९ सम्बन्धी प्रमुख जानकारी

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेशको श्रावण २४ गतेको तथ्याङ्कका आधारमा यस प्रदेशमा कुल १०५१७३ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ। गत हप्ताको तुलनामा यो हप्ता सक्रिय संक्रमित ८ प्रतिशतले बढेको छ (कुल सक्रिय संक्रमित- ११८७)। त्यस्तै, यो हप्ता रुपन्देही (४४६) बाहेकका सबै जिल्लामा २०० भन्दा कम सक्रिय संक्रमित रहेका छन्। अघिल्लो हप्ता जस्तै, गत २४ घण्टामा सबै भन्दा धेरै रुपन्देहीमा, १८ जना नयाँ संक्रमित थपिएका छन्। हालसम्म प्रदेशमा २११४ जनाको मृत्यु भएको छ र पछिल्लो २४ घण्टामा ४ जना संक्रमितको मृत्यु भएको छ। हाल २२३ जना संक्रमितहरु प्रदेशका विभिन्न अस्पतालहरुमा उपचाररत छन्।




- सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाले श्रावण २३ गते एक भिडियो सन्देश जारी गर्दै नेपालमा कोभिड-१९ को तेस्रो लहर छिट्टै शुरु हुने सङ्केत देखिएको र सरकारको एक्लो प्रयासले मात्र महामारीसँग लड्न सम्भव नभएकाले सबै मिलेर यसलाई पार लगाउनुपर्ने बताउनु भ एको छ। उहाँले अत्यन्त आवश्यक परेका बेला मात्र घरबाहिर निस्कन र घरबाहिर निस्कदा मास्क लगाउन, भौतिक दूरी कायम गर्न र स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्न आग्रह गर्नु भएको छ। (स्रोतः अनलाइन खबर, श्रावण २३, २०७८)
- विश्वव्यापी संकट ल्याएको कोभिड-१९ महामारी विरुद्ध जुध्न अनिवार्य मास्क लगाउन आग्रह गर्दै स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले श्रावण २३ देखि 'साताव्यापी नेपाल मास्क अभियान' शुरु गरेको छ। "महामारी नियन्त्रण र रोकथाममा मेरो प्रतिबद्धता मास्क लगाउनु नै आजको आवश्य कता" भन्ने मूल नाराका साथ मन्त्रालयले साउन २३ गतेदेखि २९ गतेसम्म अभियान सञ्चालन गरेको छ। यस अवसरमा श्रावण २३ गते साँझ नवनिर्मित धरहरामा प्रोजेक्टरमार्फत नेपाल मास्क अभियानको ब्यानर देखाइ अभियानको सुरुवात गरिएको छ। (स्रोतः नेपाल खबर/कान्तिपुर दैनिक, श्रावण २४, २०७८)

- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ विरुद्धको खोप अभियानलाई थप प्रभाकारी बनाउन सातै प्रदेशका स्वास्थ्य निर्देशनालय र ७७ वटै जिल्लाका स्वास्थ्य कार्यालयहरुलाई निर्देशन दिएको छ। खोप केन्द्र व्यवस्थित बन्न नसक्दा संक्रमण फैलन सक्ने जोखिम बढेको भन्दै मन्त्रालयले आवश्यकता अनुसार खोप केन्द्र विस्तार गरी हरेक खोप केन्द्रमा भौतिक दुरी कायम गरी जनस्वास्थ्यको मापदण्ड कडाइका साथ पालना गराउन निर्देशन समेत दिएको जनाएको छ छ। (स्रोतः अनलाइन खबर, श्रावण १९, २०७८)
- पछिल्लो एक सातादेखि टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पतालका बेड कोभिड-१९ संक्रमितले भरिएको अस्पतालले जनाएको छ। एक सातायता संक्रमितको संख्या झन्डै दोब्बरले वृद्धि भएको भन्दै यसले तेस्रो लहर प्रवेशको संकेत गरेको जनाएको छ। (स्रोतः सेतोपाटी, श्रावण २०, २०७८)
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आगामी ५ महिनामा करिब २ लाख कोरोना संक्रमित थपिने प्रक्षेपण गरेको छ। बिहीबार प्रतिनिधिसभाको स्वास्थ्य तथा शिक्षा समितिमा स्वास्थ्य मन्त्रालय अन्तर्गतको नीति, योजना तथा अनुगमन महाशाखाले जानकारी गराएको छ। स्वास्थ्य मन्त्रालयको प्रक्षेपण अनुसार मसिंरसम्ममा १ लाख ९३ हजार ८ सय ५६ संक्रमित थपिने सम्भावना रहेको बताएको छ। ३८ हजार ७ सय ७१ जनालाई उपचार सेवा आवश्यक पर्ने र ९ हजार ६ सय ९३ जनालाई सघन उपचार आवश्यकता पर्न सक्ने सम्भावना रहेको प्रक्षेपणमा जनाइएको छ। (स्रोतः कान्तिपुर दैनिक, श्रावण २१)
  https://ekantipur.com/news/२०२१/०८/०५/१६२८१४५२१७१०९४३५७६.html
- पछिल्लो समय बढ्दै गएको संक्रमण दर र अस्पतालमा भर्ना हुने संक्रमितको चापले नेपालमा कोभिड-१९ संक्रमणको तेस्रो लहर सुरु भएको संकेत गरेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। (स्रोतः स्वास्थ्य खबर, श्रावण २०, २०७८) https://swasthyakhabar.com/story/४१४४९

**प्रादेशिक खबरहरु**

- लुम्बिनी प्रदेशको बाँके र दाङ्गमा उपचार गराई रहेका कोभिड-१९ सङ्क्रमित मध्ये एकै दिन (श्रावण २४ गते) चार जनाको मृत्यु भएको छ। नेपालगञ्जस्थित भेरी अस्पतालमा उपचार गराइरहेका रोल्पा, दाङ र सुर्खेतका तीन र दाङस्थित अस्थायी कोरोना अस्पताल बेलझुण्डीमा एक सक्रमितको मृत्यु भएको अस्पतालले जानकारी दिएको छ। (स्रोतः हेल्थ पोस्ट, श्रावण २४, २०७८)
- प्रदेशमा पनि नेपाल मास्क अभियान (श्रावण २३-२९, २०७८) को सुरुवात गरिएको छ। श्रावण २३ गते बिहान बुटवलमा लुम्बिनी प्रदेशका सम्मानीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भोजप्रसाद श्रेष्ठको नेतृत्वमा विश्व स्वास्थ्य संगठनको "हिँड्दै कुरा गर" अभियानलाई जोड्दै प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयदेखि मणिमुकुन्द सेन उद्यान (फूलबारी) पुगेर पुनः मन्त्रालय फर्किएको मन्त्रालयले जनाएको छ। (स्रोतः स्वास्थ्य पत्र, श्रावण २३, २०७८)

## बुटवलमा नेपाल मास्क अभियान

कृष्ण गाउँले प्रकाशित मिति : शनिबार, साउन २३, २०७८

67 Shares



बुटवल, २३ साउन।

बुटलमा नेपाल मास्क अभियान (श्रावण २३ – २९, २०७८) संचालन गरिएको छ। 'महामारी नियन्त्रण र रोकथाममा मेरो प्रतिबद्धता मास्क लगाउनु नै आजको आवश्यकता ' भन्ने मूल नाराका साथ शनिबार बिहान बुटवलमा लुम्बिनी प्रदेशका स्वास्थ्य

- संघ सरकारले अर्घाखाँचीको जिल्ला अस्पताललाई दुईवटा भेन्टिलेटर उपलब्ध गराएको महिना दिन बितिसक्दा पनि जनशक्तिको अभावका कारण प्रयोगमा आउन सकेको छैन। जिल्लामा भेन्टिलेटरसहितको आईसीयू सञ्चालन भएको भए कोभिड-१९ संक्रमणका बिरामीलाई काठमाडौं र बुटवल पठाउनुपर्ने बाध्यता नहुने अस्पतालले जनाएको छ। दुईवटा भेन्टिलेटर सञ्चालन आईसीयू बेडमा बिरामीलाई सेवा दिन विशेषज्ञसहित १० जना डाक्टर र १५ नर्सको जनशक्ति चाहिने बताएको छ। (स्रोतः कान्तिपुर दैनिक, श्रावण १९, २०७८)

  https://ekantipur.com/pradesh-५/२०२१/०८/०३/१६२७९६०९८६४७१३७९१०.html
- जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र, प्यूठानको श्रावण १९ गते बसेको बैठकले स्वर्गद्वारी मन्दिरमा नित्य पूजाबाहेक सबै क्रियाकलाप बन्द गर्ने निर्णय गरेको छ। मन्दिर दर्शन गर्न नेपाली तथा भारतीय भक्तजनको संख्या बढ्न थालेपछि यस्तो कडाइ गरिएको जनाएको छ। भारतमा कोभिड -१९ को नयाँ भेरिएन्टका बिरामी बढिरहेको र स्वर्गद्वारी आउने भक्तजनले सुरक्षा सावधानीलाई पालना नगरेको पाहिएकाले समुदाय स्तरमा संक्रमण फैलिने जोखिम बढेपछि आवतजावत रोकिएको हो। (स्रोतः कान्तिपुर दैनिक, श्रावण १९, २०७८)
- पछिल्ला केहि दिन देखिको तथ्याङ्क हेर्दा बाँकेमा कोभिड—१९ महामारी फेरि उकालो लाग्न थालेको छ। यहाँका विभिन्न प्रयोगशालामा गरिएको पिसिआर परीक्षण रिपोर्टले संक्रमण सङ्ख्या बढेको देखाएको छ। त्यस्तै, गएको एक हप्तामा अस्पतालका बेड भरिँदै गएका छन्। जिल्लाका तीनवटा प्रयोगशालाले श्रावण २४ गते सार्वजनिक गरेको रिपोर्टअनुसार, सोहि दिन २१ जना नयाँ संक्रमित फेला परेका छन्। महामारी बढे पनि स्थानीय बजारमा भिडभाड र चहलपहल यथावत रहेको छ। (स्रोतः नागरिक दैनिक, श्रावण २४, २०७८)

## अन्तर्राष्ट्रिय विषयबस्तुहरु

- चीनको हुवेई प्रान्तको वुहान सहरमा पुनः कोरोना भाइरस (कोभिड–१९) को संक्रमण बढेको छ। यससँगै सरकारले वुहानका सबै मानिसको कोरोना परीक्षण गर्ने निर्णय गरेको छ। वुहानमा एक वर्षभन्दा लामो समयपछि पहिलोपटक स्थानीय संक्रमित फेला परेका हुन्। सबैभन्दा पहिला वुहान सहरमा नै कोरोनाको पहिलो संक्रमित फेला परेका थिए। (स्रोतः अनलाइन खबर, श्रावण १९, २०७८)
  https://www.onlinekhabar.com/२०२१/०८/९९३५१९


- विश्व स्वास्थ्य संगठनले कम्तिमा पनि सेप्टेम्बर सम्म कोभिड १९ विरुद्धको बुस्टर डोज दिने कार्य वा योजना खारेज गर्न सबैमा आहवान गएको छ। यसो गर्दा सम्पूर्ण देशका कम्तिमा १०% जनसङ्ख्या माझ खोपको पहुँच पुग्न सक्ने कुरा विश्व स्वास्थ्य संगठनका निर्देशक डा. टेड्रोसले जनाएका छन्। जर्मनी तथा इजरायलले आफ्ना नागरिकको लागि तेस्रो डोज खोप लगाउने योजना अघि सारे संगै विश्व स्वास्थ्य संगठनले सो कुरा जनाएको हो। डा. तेद्रोसले कम विकसित देशहरुमा प्रति सय नागरिकमध्ये जम्म १.५ लाई खोप दिन सकेको अवस्थामा खोप त्यस्ता देशहरुलाई प्रदान गर्न पर्ने कुरामा विश्व स्वास्थ्य संगठनले जोड दिएको छ। (स्रोतः बीबीसी न्यूज, अगष्ट ५, २०२१) https://www.bbc.com/news/world-58090051

## कोभिड-१९ खोप सम्बन्धि जानकारी

- जापान सरकारको सहयोगमा नेपाललाई उपलब्ध गराउने भनेको १६ लाख मात्रा मध्येको एस्ट्राजेनेका खोप शनिबार ५ लाख १३ हजार ४ सय २० लाख र आईतबार ३ लाख ३१ हजार मात्रा उपलब्ध गराएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। भुटान सरकारले पनि नेपाल सरकारलाई श्रावण २२ गते २ लाख ३० हजार मात्रा एस्ट्राजेनेकाको खोप उपलब्ध गराएको मन्त्रालयले जनाएको छ। (स्रोतः नेपाल समाचार पत्र) https://newsofnepal.com/२०२१/०८/०८/४२६५२९/)
- पहिलो मात्रा कोभिसिल्ड खोप लगाएकाहरुलाई श्रावण २५ देखि एस्ट्राजेनेकाको खोप दिईले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। भुटान र जापानबाट ल्याइएको एस्ट्राजेनेका खोप लगाउने अभियान श्रावण २५ देखि प्रदेश १ र २ बाहेक पाँचवटा प्रदेशमा सुरु भएको जनाएको छ। (स्रोतः हेल्थ पोस्ट, श्रावण २५, २०७८)

**Recommendations:**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
लुम्बिनी प्रदेश
मुकामः बुटवल, नेपाल




- निषेधाज्ञा खुकुलो भएसँगै जनस्तरबाट व्यापक रुपमा जनस्वास्थ्यका मापदण्ड उल्लंघन भएकाले संक्रमण पुनः समुदाय स्तरमा फैलिने क्रममा रहेको जनस्वास्थ्य विज्ञहरूको भनाई छ। उनीहरुले नेपालमा संक्रमणको तेस्रो लहर सुरु भएको बताएका छन्। दैनिक संक्रमणदर बढ्दै गएको र यो थप बढ्ने क्रममा रहेकाले तेस्रो लहर सुरु भएको स्वास्थ्य मन्त्रालयले समेत जानकारी गराएको छ। संक्रमण रोक्ने एकमात्र उपाय जनस्वास्थ्यका मापदण्ड पालना गर्नु नै रहेकाले हरेक नागरिकले अनिवार्य रुपमा यसलाई पालना गर्नुपर्ने हुन्छ।
    - अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कने र निस्कनुपरेमा नाक मुख राम्ररी छोपिने गरी मास्कको प्रगोग गर्ने,
    - बाहिर-बजार, बैंक, सार्वजनिक यातायात, पसल, आदि भिडभाड बढि हुने ठाउँहरुमा जाँदा/हुँदा भौतिक दुरी कायम गर्ने,कायम गर्ने,
    - बेलाबेलामा साबुन पानीले हात धोइरहने वा स्यानिटाइजरको प्रयोग गर्ने।

- कोभिड-१९ को खोप केन्द्रहरुमा निकै नै भिडभाड हुने गरेकाले खोप केन्द्र बाटै संक्रमण फैलिने जोखिम रहेको हुँदा;
    - सेवाग्राहीको चापको आधारमा खोप केन्द्रको संख्या बढाउने
    - तोकिएको उमेर समूह वा अन्य समुह बाहेकका अन्य व्यक्तिहरु खोप केन्द्रमा गई भिडभाड नगर्ने
    - आ-आफ्नो पालो कुरेर मात्र खोप केन्द्रमा जाने
    - खोप केन्द्रमा जाँदा जनस्वास्थ्यका मापदण्ड पूर्णरुपमा पालना गर्ने।
- बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको बेलामा पनि कोभिड-१९ को संक्रमणलाई ध्यानमा राखी जनस्वास्थ्यका मापदण्डहरु पालना गर्ने।

**थप जानकारीका लागि सम्पर्क**

**डा. पुष्पराज पौडेल**
प्रवक्ता एवं सूचना अधिकारी
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, लुम्बिनी प्रदेश
drprpoudel@gmail.com